# विकास

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७२२५०७२
इमेल:
bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१३, ● अंक-११ ● २०७७ असोज ११ गते सोमबार, ● 25 Sep. 2020, ● नेपाल सम्वत्-११४०, ● पृष्ठ-६, ● मूल्य रु. १०/-


प्रहरीको आशलाग्दो सक्रियता . । पृष्ठ ५ मा



## पर्यटकलाई आकर्षण गर्न नयाँ मोटरबोट थपियो

◆ विकास संवाददाता

पर्यटकीय क्षेत्र इन्द्रसरोवर तालमा दुई वटा नयाँ मोटरबोट आएको छ । मकवानपुरको पर्यटकीय आकर्षणको केन्द्रको रूपमा रहेको इन्द्रसरोवरमा १०/१० सिट क्षमताको दुई वटा मोटर बोट ल्याइएको हो ।

तालमा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले इन्द्रसरोवर डुङ्गा व्यवशायी संघले ४२ लाख रूपियाँ लगानी गरेर खरिद गरेर इन्द्रसरोवरको पर्यटन प्रवर्द्धनका लागि डुङ्गा व्यवशायी संघ प्रतिवद्ध छ ।

३ सय ५३ शेयर सदस्य रहेको इन्द्रसरोवर डुङ्गा व्यवशायी संघमा आकस्मिक उद्धार टोलीसहित २८ जना कर्मचारी रहेका छन् । उनीहरूले मासिक १२ देखि १६ हजार रूपियाँ सम्म तलब लिएर काम गरिरहेको संघले जनाएको छ ।

यसैबीच इन्द्रसरोवर तालमा पर्यटन प्रवर्द्धन गर्ने मुख्य उद्देश्यले प्रवर्द्धनात्मक



ल्याएको संघका अध्यक्ष नव लामाले जानकारी दिए । दैनिक ३२ वटा काठको बोट संचालन भैरहेको इन्द्रसरोवरमा आपतकालिन उद्धारका लागि मुख्य उद्देश्य राखेर इन्जिन मोटरबोट ल्याएको अध्यक्ष लामाले जानकारी दिए । 'पर्यटकको घुइँचो हुन्छ, एउटै काठको डुङ्गमा ७र८ जना यात्रामा हुन्छन्, केही भैहाले उद्धारका लागि १० सिटको त चाहिने नै रहेछ त्यही भएर खरिद गरेर ल्यायौं' लामाले भने- 'नयाँ ल्याइएको बोटरबोटमा चढेर पर्यटकहरूले पनि रमाइलो लिन सक्नेछन् ।'

लकडाउनका कारण अहिले पर्यटकहरू सहजै आउने वातावरण नभएका कारण डुङ्गाहरू संचालनमा चापाचाप नभएको बताउँदै लामाले भने काम गरिरहेको इन्द्रसरोवर डुङ्गा व्यवशायीलाई गाउँपालिकाले साथ दिएको छ ।

संघले काठको बोट संचालन गरिरहेकोमा यसअघि ४ सिट क्षमताको आकस्मिक उद्धारका लागि इन्जिन बोट खरिदका लागि १५ लाख रूपियाँ वडाबाटै सहयोग गरेको अध्यक्ष जमानसिं वाइवाले जानकारी दिए । साथै संघका लागि २ वटा पाइडल बोट गाउँपालिकाको तर्फबाट सहयोग गरेको अध्यक्ष वाइवाले बताए ।

पर्यटन प्रवर्द्धनका लागि गाउँपालिकाले सहयोग गरिरहेको संघका अध्यक्ष लामाको भनाइ छ । इन्द्रसरोवरमा कोभिड-१९ संक्रमण जोखिम कम भएसंगै पर्यटकहरू आउन थालेको वडा अध्यक्ष वाइवाले बताए ।



फोटोः गणेश विष्ट

### काम नगर्ने ठेकेदारलाई थाहा नगरपालिकामा

## कारबाही प्रक्रिया अघि बढ्यो

विकास सम्वाददाता
थाहा नगर

मकवानपुरको थाहा नगरपालिकाले ठेक्का सम्झौता गरेर लामो समयसम्म काम नगर्ने ठेकेदारलाई कारबाही प्रक्रिया अघि बढाएको छ । नगरपालिकाले दुई निर्माण कम्पनीले पाँच वटा योजना समयमै सम्पन्न नगरेपछि ८ असोजमा सूचना प्रकाशित गरी कारबाही थालेको हो । आर्थिक वर्ष २०७४/०७५ र ०७५/०७६ मा विभिन्न योजनाहरूको ठेक्का पाई हालसम्म पनि योजना सम्पन्न नगरेका ठेकेदारहरूलाई कारबाहीको प्रक्रिया अघि बढाएको नगरपालिकाले जनाएको छ ।

आर्थिक वर्ष २०७४/०७५ मा ठेक्का सम्झौता भई २०७५ असार मसान्त सम्ममा सम्पन्न गर्नुपर्ने थाहा नगरपालिका वडा नम्बर ७ र ८ को वडा कार्यालय भवन निर्माण हालसम्म पनि सम्पन्न नगरेपछि टि.एफ.टि. कन्सट्रक्शन सिनधुपाल्चोकका ठेकेदार शम्भु बानियाँलाई ७ दिनभित्र कार्यालयमा उपस्थित हुन नगरपालिकाले सूचीत गरेको छ । पटक पटक सम्पर्क गर्न खोज्दा समेत सम्पर्कमा नआएपछि नगरपालिकाले ८ असोजमा प्रकाशित गोरखापत्रमा सूचना प्रकाशित गरेको छ ।

त्यसैगरी आर्थिक वर्ष २०७५/०७६ मा ठेक्का सम्झौता भई २०७६ असार मसान्तसम्ममा सम्पन्न गर्नुपर्ने थाहा नगरपालिका वडा नम्बर ४ मा निर्माणाधिन बसपार्क र थाहा स्मारक पार्क तथा वडा नम्बर २ मा संचालित पालुङ बँदेली सडक निर्माण कार्य हालसम्म पनि सम्पन्न नगरेकोले प्रोग्रेसिभ कन्सट्रक्शन कालिमाटीका आशिष कार्कीलाई पनि ७ दिन भित्र कार्यालयमा सम्पर्क राख्ने व्यहोराको सूचना ८ असोजको गोरखापत्रमा सूचना प्रकाशित गरीएको छ । थाहा नगरपालिकाले पटक पटक सम्पर्क गर्दा समेत सम्पर्कमा नआएको हुँदा ७ दिन भित्र कार्यालयमा उपस्थित हुन र उपस्थित नभएमा आवश्यक प्रक्रिया अघि बढाइने भनी गोरखापत्र दैनिकमा सूचना प्रकाशन भएको हो ।

ठेकेदारहरूले ठेक्का सम्झौता गरी समयमा काम सम्पन्न नगरेको भनी ठेकेदारहरूलाई थाहा नगरपालिकाले कार बाहीको प्रक्रिया अघि बढाएको यो पहिलो घटना हो । गोरखापत्रमा ८ असोजमा प्रकाशित ७ दिने सम्पर्क राख्न आउने बारेको सूचना बमोजिम ठेकेदारहरू सम्पर्क राख्न नआएमा सार्वजनिक खरिद नियमावली बमोजिम ठेक्का सम्झौता तोड्ने र कालोसूचीमा राख्ने सम्मको कारबाही हुने थाहा नगरपालिका योजना महाशाखा प्रमुख विवेक विडारीले बताए ।

आर्थिक वर्ष २०७५/०७६ मै ठेक्का सम्झौता भई हालसम्म काम सम्पन्न नभएको वडा नम्बर ५ को सरस्वती बजार -बुढिचौर सडक र चित्लाङ ताकातार खर्क सडक भने ठेकेदार सम्पर्कमा आई काम संचालनमा रहेकोले २०७७ असोज मसान्तसम्म सम्पन्न गर्ने गरी कार्य अघि बढाएकोले उक्त योजनाका ठेकेदारलाई भने कारबाही प्रक्रिया अघि नबढाएको थाहा नगरपालिका आर्थिक प्रशासन शाखाले जनाएको छ । यद्यपि काम ढिला गरे वापत निर्माण व्यवशायीलाई हर्जना भने लाग्ने नगरपालिका आर्थिक प्रशासन शाखाले जानकारी दिएको छ ।

मकवानपुर निर्माण व्यवशायी संघ थाहानगर समितिका अध्यक्ष राजन ढकालले ठेकेदारकै कारणले समयमै ठेक्का सम्पन्न नगरिदिंदा सबै निर्माण व्यवशायीले त्यसको बदनामी सहनु परेको प्रतिक्रिया दिए बताए ।


## व्यक्तिगत घटना दर्ता सम्बन्धी जरुरी सूचना !

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
*इन्द्रायणीचौर, मकवानपुर*

## नेपाल सरकारको सूचना !

**श्रमिकहरुको मौलिक अधिकारको सम्मान गरौं, सबै प्रतिष्ठानहरुले न्यूनतम पारिश्रमिक प्रदान गर्न आनाकानी नगरौं ।**

नेपाल सरकार
**सूचना तथा सञ्चार प्रविधि मन्त्रालय**
सूचना तथा प्रशारण विभाग

# • सम्पादकीय •

## सार्वजनिक यातायात सुरक्षित बनाऔं

मुलुकमा लामो समय राज गरेको कोरोना कहर पश्चात् पाँच महिना बीस दिनपछि यात्रुबहाक सवारी सञ्चालनमा आएका छन्। सरकारले असोज १ देखि लामो दूरीका गाडी सञ्चालन गर्ने निर्णय गरेपछि देशभरि सार्वजनिक यातायात सञ्चालनमा आएको छ। यसअघि जिल्लाभित्र र काठमाडौं उपत्यकाका तीन जिल्लामा गाडी चल्ने ब्यवस्था गरिएको भए पनि देशब्यापी भने १ असोजबाट मात्र सञ्चालनमा ल्याइएको हो । लकडाउन शुरु भएपछि चैत ११ देखि सम्पूर्ण यातायात बन्द गरिएको थियो। गाडीले ५० प्रतिशत मात्रै यात्रु राख्न पाउने र थप ५० प्रतिशत बढी भाडा लिन पाउने गरी गाडी सञ्चालनमा आएका छन्। यसको अर्थ अब गाडीमा दुईजना बस्न मिल्ने सिटमा एकजना मात्रै बस्नुपर्नेछ भने मानौं एक हजार भाडा लाग्ने दूरीमा एक हजार पाँच सय भाडा लाग्नेछ। सहचालकले फेस भाइजर प्रयोग गर्ने, गाडीमा स्यानिटाजर राख्ने, यात्रुले अनिवार्य मास्क लगाउनेलगायतका सुरक्षा कवच प्रयोग अनिवार्य गरिएको छ।

झण्डै छ महिनापछि भए पनि सार्वजनिक यातायात सञ्चालनमा आउनु सुखद कुरा हो। तर छ महिनाअघि जुन समस्याका कारणले यातायात रोकिएको थियो, अहिले त्यो समस्या समाधान भएको छैन बरु बढेको छ। जतिबेला नेपालमा लकडाउन शुरु गरियो, त्यतिबेला संक्रमितको संख्या पाँच पनि पुगेको थिए। तर अहिले जतिबेला हामीले लकडाउन खोलेका छौं, संक्रमितको संख्या सत्तरी हजार नाघिसकेको छ। भन्ने गरिन्छ, कुनै पनि संकट नापे तौलेजस्तो हुँदैन। त्यसैले सरकारले गरेको लकडाउन लगाउने र खोल्ने निर्णय परिवेशसँग नमिलेको जस्तो देखिए पनि यसलाई मिलाएरै लैजानुको विकल्प छैन। हिजो लकडाउन नगर्दा अझ भयावह हुन्छ कि भन्ने त्रास थियो भने आज लकडाउन जारी राख्दा रोग र भोकको एकैसाथ सामना गर्नुपर्दा जनजीवन भयावह हुने खतरा छ। त्यसैले पनि अब अत्यधिक सुरक्षा अपनाउँदै जनजीवन सुचारु गर्दै लैजानुको विकल्प छैन। त्यसैले अहिले लामो दूरीका यातायात सञ्चालनमा ल्याउनु आवश्यक थियो बरु यातायातलाई सहज र सुरक्षित बनाउनेतिर सरोकारवालाको ध्यान जानुपर्छ। यातायात क्षेत्रलाई सहज र सुरक्षित बनाउने सवालमा भर्खरैको अनुभवबाट पाठ सिक्नुपर्छ। अहिले जिल्लाभित्र सञ्चालन भइरहेको यातायातको अवस्था हेर्नुपर्छ। जिल्लाभित्र पनि गाडीमा दुई जनाको ठाउँमा एकजना राख्ने र भाडा पचास प्रतिशत बढी लिने सरकारी निर्णयअनुसार नै सार्वजनिक सवारी साधन सञ्चालन भइरहेका छन्। तर यसको अभ्यास राम्रो छैन। भाडा पचास प्रतिशत थप गरिएको छ तर यात्रु राख्ने क्रममा निर्णय कार्यान्वयन हुन सकेको छैन। दुई सिटमध्ये एउटा सिटमा मात्रै यात्रु राख्ने सरकारी निर्णयको उल्लंघन भइरहेको छ। दुई सिट भएका गाडीमा दुईजना नै राख्ने र कतिपय ठाउँमा त उभ्याएरसमेत कोचाकोच यात्रु राख्ने गरिएको छ। यसले नागरिकलाई त्रास र सास्ती थपिने निश्चित छ। त्यसरी कोचिएरै असुरक्षितरुपमा यात्रा गर्ने हो भने पचास प्रतिशत बढी भाडा किन ? अहिले स्थानीय रुटमा चल्ने गाडीका यात्रुहरुले सोधिरहेको प्रश्न हो यो र जाजय पनि छ।

अहिले सरकारको समन्वयमा यात्रु र ब्यवसायीबीचको बाध्यतात्मक सम्झौताअनुसार गाडी चलिरहेका छन् भन्ने बुझ्नुपर्ने हुन्छ। यस्तो अवस्थामा ब्यवसायीले थपिएको भाडा लिने तर शतप्रतिशत नै यात्रु चढाउन थाले भने त्यो सम्झौताको मर्मविपरीत हुनेछ र त्यसले कोरोना संक्रमणमा अझ बढोत्तरी गर्नेछ भन्नेतर्फ ब्यवसायी र नियमनकारी निकाय सचेत हुनैपर्छ। अहिले यातायात सञ्चालनको एक मात्र शर्त हो– सुरक्षित र सहज यातायात, यसमा कुनै पक्षबाट पनि कमजोरी हुनुहुँदैन।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# स्थानीय तह भित्र कार्य सम्पादन करारको आवश्यकता र औचित्यता



बलराम त्रिपाठी

कुनै पनि देशको राज्य सञ्चालनका लागि सबैभन्दा महत्वपूर्ण र उपयोगी संयन्त्र भनेको त्यो मुलुकको कर्मचारीतन्त्र वा प्रशासनयन्त्र (ब्यूरोक्रेसी)हो । जसलाई स्थायी सरकारका रूपमा पनि चिनिन्छ । सङ्घीय शासन प्रणाली भएका मुलुकहरूमा विभिन्न तहका सरकारहरू मध्ये स्थानीय तहको सरकारको झन् बढी महत्व हुने गर्दछ । किनकि स्थानीय सरकारलाई जनताको सबै भन्दा नजिक घरदैलोको सरकारका रूपमा लिने गरिन्छ । सङ्घीय लोकतान्त्रिक प्रणालीमा जनता नै सर्वोपरि हुने र उनीहरूको हरेक क्रियाकलापहरूका लागि स्थानीय तहमा रहेको सरकारलाई नै गुहार्नु पर्ने हुनाले देशमा सुशासन कायम गर्न स्थानीय तहको प्रशासनयन्त्रलाई थप सबल र सक्षम बनाउनुको विकल्प देखिँदैन । शायद त्यही भएर होला अहिले स्थानीय तहमा कसरी सुशासन कायम गर्न सकिन्छ भन्ने विषयमा जतातत बहस भइरहेको पाइन्छ । प्रशासनलाई सुधार गर्ने क्रममा विकास भएको कार्यसम्पादन व्यवस्थापन (परफरमेन्स बेस्ड म्यानेजमेन्ट) को प्रमुख औजारहरू मध्येको एउटा उपयुक्त औजारको रूपमा कार्य सम्पादन करारलाई लिइएको पाइन्छ ।

सङ्गठनको उद्देश्य प्राप्तिको आँकलन, कार्यान्वयन र मूल्याङ्कन गर्ने अनेकौँ उपायहरू मध्ये कार्यसम्पादन व्यवस्थापन एक प्रमुख उपाय हो । कुनै पनि सङ्गठन निश्चित उद्देश्य प्राप्तिका लागि गठन गरिएको हुन्छ । त्यस सङ्गठनमा कार्यरत जनशक्ति त्यही उद्देश्य प्राप्तिमा क्रियाशील रहने गर्दछन् । तर उनीहरूको कार्य र सङ्गठनको उद्देश्य बीच कुनै तालमेल छ कि छैन, जनशक्तिको कामले सङ्गठनको उद्देश्य प्राप्तिमा सघाएको छ कि छैन, के गर्दा जनशक्तिको काम र सङ्गठनको उद्देश्य बिचमा तालमेल ल्याउन सकिन्छ, उनीहरूको कार्य सम्पादनको मापन कसरी गर्ने, कार्य सम्पादनको आधार र मापदण्ड कस्ता बनाउने, परिसूचकहरू कस्तो र कसरी निर्माण गर्ने आदि कुराहरूको निक्यौंल गरी उनीहरूको कार्यलाई बढी नतिजामुखी र जबाफदेही बनाउने व्यवस्थापकीय साधन नै कार्यसम्पादन व्यवस्थापन हो ।

यो नवीन सार्वजनिक व्यवस्थापनको उपज हो । यसले प्रक्रियालाई भन्दा नतिजालाई बढी जोड दिन्छ । कार्य सम्पादन व्यवस्थापनका विभिन्न औजारहरू (जस्तैः प्रिफर्ममेन्स बेस्ड इन्सेन्टिभ्स सिस्टम, पे फर प्रिफर्मेन्स, रिजल्ट म्यानेजमेन्ट फ्रेमवर्क, सर्भिस कन्ट्र्याक अर कन्ट्र्याक्टिङ्ग आउट अफ पब्लिक सर्भिसेज आदि) मध्ये कार्यसम्पादन करार प्रभावकारी उपकरण हो । यो आफैमा साध्य होइन, यो प्रशासन संयन्त्रलाई सुधार गर्ने एउटा साधन वा हतियार मात्र हो । कार्य सम्पादन करार वा सम्झौताले कर्मचारी र सङ्गठन बिचमा एउटा यस्तो बाध्यकारी अवस्थाको सिर्जना गर्दछ, जसबाट दुवै पक्ष उम्कन पाउँदैनन् । यो करार गर्नुअघि कर्मचारीले आफ्ना सबै पूर्वशर्त, श्रोत साधन र सुविधाको बारेमा खुला रूपमा सङ्गठनसँग वार्ता र छलफल गरी सम्झौता गर्दछ भने सम्झौता पश्चात् सङ्गठनले सम्झौतामा उल्लेख भए बमोजिमका परिसूचकहरूलाई समातेर मूल्याङ्कन गर्ने र सोही आधारमा दण्ड र पुरस्कारको व्यवस्था गर्ने गर्दछ । यो करार सङ्गठन र कर्मचारी दुवै पक्ष बिचको सहमतिको दस्तावेज हो, यसमा दुवै पक्षसँग सम्बन्धित सर्तहरू उल्लेख गरिएको हुन्छ र उल्लेखित सर्तहरूको पालना गर्नु दुवै पक्षको जिम्मेवारी हुन्छ ।

कार्य सम्पादन करारको सही ढङ्गले व्यवस्थापन गर्न सकिएको खण्डमा मात्र यसले लक्ष्य अनुसारको नतिजा दिन सक्दछ । कार्य सम्पादन करार शून्यमा सम्भव हुँदैन, यसको लागि निश्चित आधार तयार हुनुपर्दछ । जसलाई देहाय बमोजिम औँल्याउन सकिन्छः

- स्पष्ट साङ्गठनिक संरचना,
- सङ्गठन र त्यसका विभिन्न इकाईहरूका स्पष्ट लक्ष्य, उद्देश्य र प्राथमिकताहरू कार्यसम्पादनका लागि आवश्यक नीतिगत तथा कानुनी व्यवस्थाहरू,

> *संठनको उद्देश्य प्राप्तिको आँकलन, कार्यान्वयन र मूल्याङ्कन गर्ने अनेकौँ उपायहरु मध्ये कार्यसम्पादन व्यवस्थापन एक प्रमुख उपाय हो । कुनै पनि संठन निश्चित उद्देश्य प्राप्तिका लागि गठन गरिएको हुन्छ । त्यस संठनमा कार्यरत जनशक्ति त्यही उद्देश्य प्राप्तिमा क्रियाशील रहने गर्दछन्। तर उनीहरुको कार्य र संठनको उद्देश्य बीच कुनै तालमेल छ कि छैन, जनशक्तिको कामले संठनको उद्देश्य प्राप्तिमा सघाएको छ कि छैन, के गर्दा जनशक्तिको काम र संठनको उद्देश्य बिचमा तालमेल ल्याउन सकिन्छ ।*

- सङ्गठनमा काम गर्ने कर्मचारीहरूको स्पष्ट कार्य इकाई र कर्मचारीले धारण गरेको काम, कर्तव्य, अधिकार, जिम्मेवारी र जबाफदेही सहितको कार्य विवरण कार्यलाई नतिजासँग जोड्ने मापनयोग्य परिसूचकहरू,
- कार्य सम्पादनका लागि आवश्यक पर्ने साधन, श्रोत र वातावरणको सुनिश्चितता,
- कार्य सम्पादन करार सम्पन्न नहुन्जेल कर्मचारीहरूको स्थिरता वा निरन्तरताको ग्यारेन्टी,
- कर्मचारीहरूको मनोबल उच्च राख्न आवश्यक सेवा सुविधाहरूको व्यवस्था र सो को न्यायिक वितरण,
- कार्य सम्पादन करारमा उल्लेखित कार्यलाई आधार बनाएर वस्तुगत, वैज्ञानिक र पारदशी ढङ्गले कार्य सम्पादन मूल्याङ्कन हुने प्रणाली,
- मूल्याङ्कनको नतिजाको आधारमा कर्मचारीहरूलाई पुरस्कार र दण्डको व्यवस्था ।

तर स्थानीय तहहरूमा कार्य सम्पादन करारका लागि माथि उल्लेखित आधार शिला वा उपयुक्त वातावरण भई सकेको अवस्था देखिँदैन । जसलाई देहाय बमोजिम औँल्याउन सकिन्छः

स्थानीय तहको लागि अत्यावश्यक स्थानीय सेवा ऐन लगायतका कानुनहरू अझै बन्न सकिरहेका छैनन् ।

- स्थानीय सेवा ऐनका अभावले सङ्गठनमा काम गर्ने कर्मचारीहरूको कार्य इकाई र कर्मचारीले धारण गरेको काम, कर्तव्य, अधिकार, जिम्मेवारी र जबाफदेही सहितको कार्य विवरण स्पष्ट हुन सकेको छैन । त्यस्तै कार्यालयलाई आवश्यक जनशक्ति उपलब्ध हुन सकिरहेको अवस्था देखिँदैन ।
- नीतिगत अस्पष्टताका कारण स्पष्ट साङ्गठनिक संरचना तयार हुन सकिरहेको छैन । जसका कारण कर्मचारीहरूको दरबन्दी किटान हुन सकिरहेको छैन ।
- समयमा नै कानुनहरू तर्जुमा नहुँदा स्थानीय तह र त्यसका विभाग, महाशाखा, शाखा, इकाई आदिको स्पष्ट लक्ष्य, उद्देश्य र प्राथमिकताहरू किटान हुन सकिरहेको अवस्था देखिँदैन ।
- कतिपय स्थानीय तहहरूमा हालसम्म पनि कर्मचारीहरूको समायोजन हुन सकिरहेको छैन, कर्मचारी समायोजनमा गरिएको विभेदले स्थानीय तहमा कार्यरत कर्मचारीहरूको मनोबल कमजोर हुन पुगेको छ ।
- कतिपय स्थानीय तहमा अत्यधिक राजनीतिकरण भएको कारण कर्मचारीहरूको स्थायित्व र स्वतन्त्र तरिकाले कार्य सम्पादन गर्ने वातावरण बन्न सक्ने अवस्था देखिँदैन ।
- राजनीतिक र प्रशासनिक कार्यको स्पष्टता छैन, जनप्रतिनिधिहरू आफूलाई बेलायतको संसद् भन्दा पनि उच्च ठान्छन् भने प्रशासनिक कर्मचारीहरू आफूलाई कानुनको संरक्षक ठान्छन्, जसका कारण प्रशासनिक र राजनैतिक नेतृत्व बिचमा बेला बखत द्धन्द सिर्जना भइरहेको अवस्था देखिन्छ ।
- कार्यालय भित्र काम कारबाही र सेवा सुविधामा विविध किसिमका नातावाद र कृपावाद हाबी छ । प्रणाली भनेको कुन चराको नाम हो, थाहा छैन ।

स्थानीय तह भित्र उपरोक्तानुसार का विविध समस्याहरू विद्यमान रहेको अवस्थामा कार्य सम्पादन करारलाई कार्यान्वयनमा ल्याउने नै हो भने सर्वप्रथम देहाय बमोजिमका कुराहरूमा सुधार गरिनु पर्दछः

- स्थानीय तहको लागि अत्यावश्यक स्थानीय सेवा ऐन लगायतका कानुनहरू अविलम्ब तर्जुमा गरिनु पर्दछ ।
- स्पष्ट साङ्गठनिक संरचना तयार गरी सोही आधारमा कर्मचारीहरूको दर बन्दी किटान गरिनु पर्दछ । दरबन्दी अनुसार आवश्यक जनशक्ति उपलब्ध गरिनु पर्दछ ।
- स्थानीय तह र त्यसका विभाग, महाशाखा, शाखा, इकाई आदिको स्पष्ट लक्ष्य, उद्देश्य र प्राथमिकताहरू किटान गरिनु पर्दछ ।
- कर्मचारीहरूको कार्य इकाई र कर्मचारीले धारण गरेको काम, कर्तव्य, अधिकार, जिम्मेवारी र जबाफदेही सहितको कार्य विवरण स्पष्ट गरिनु पर्दछ ।
- कर्मचारीहरूका बिचमा विभेद नहुने किसिमले स्थानीय तहका कर्मचारीहरूको

बाँकी पेज ३ मा

# स्थानीय तह भित्र कार्य सम्पादन ....

पनि समायोजन गरिनु पर्दछ ।

- प्रशासनिक र राजनैतिक कार्यहरूको बिचमा स्पष्ट कार्य विभाजन गरी जिम्मेवारी तोक्ने र सो बमोजिमको कार्य सम्पादन भए नभएको बारेमा माथिल्लो निकायहरूबाट निरन्तर अनुगमन र मूल्याङ्कन हुने व्यवस्था मिलाइनु पर्दछ ।
- कार्यलाई नतिजासँग जोड्ने मापनयोग्य परिसूचकहरू तयार गरिनु पर्दछ ।
- कार्य सम्पादनका लागि आवश्यक पर्ने साधन, श्रोत र वातावरणको सुनिश्चितता गरिनु पर्दछ ।
- कार्य सम्पादन करार सम्पन्न नहुन्जेल कर्मचारीहरूको स्थिरता वा निरन्तरताको ग्यारेन्टी गरिनु पर्दछ ।
- कार्य सम्पादन करारमा उल्लेखित कार्यलाई आधार बनाएर वस्तुगत, वैज्ञानिक र पारदशी ढङ्गले कार्य सम्पादन मूल्याङ्कन हुने प्रणालीको ग्यारेन्टी गरिनु पर्दछ ।
- चाकडी, चुक्ली र चाप्लुसीका आधारमा नभई मूल्याङ्कनको नतिजाको आधारमा कर्मचारीहरूलाई पुरस्कार र दण्डको व्यवस्था मिलाइनु पर्दछ ।
- स्थानीय तहमा कार्यरत कर्मचारीहरूको स्वतन्त्र तरीकाले कार्य सम्पादन गर्ने वातावरणको ग्यारेन्टी हुने गरी कानुनी व्यवस्था मिलाइनु पर्दछ ।
- कार्यालय भित्र काम कारबाही र सेवा सुविधामा हुने विविध किसिमका नातावाद र कृपावाद अन्त्यका लागि हरेक काम कारबाहीमा प्रणालीगत स्पष्टता हुनु पर्दछ ।

**निष्कर्ष:**

सङ्घीय लोकतान्त्रिक व्यवस्थामा जनता नै सर्वेसर्वा हुने र जनताको सबैभन्दा नजिकको सर कार स्थानीय तह हुने भएकोले स्थानीय तहको प्रशासनिक सुधार नगरी देशमा सुशासनको परिकल्पना गर्न सकिँदैन । तर सुधार भन्ने कुरा हचुवाको भरमा गर्ने चिज पनि होइन । यी तहहरूमा प्रशासनिक सुधार गर्नका लागि कार्य सम्पादन व्यवस्थापनका विभिन्न औजारहरू मध्ये कार्य सम्पादन करार एउटा महत्त्वपूर्ण विधि तथा औजार हो । तर यसका लागि कानुनी र नीतिगत स्पष्टता, उपयुक्त साङ्गठनिक संरचना, कर्मचारीहरूको उचित दर बन्दी व्यवस्था, कर्मचारीहरूको मनोबल उच्च राख्न आवश्यक अधिकार र जिम्मेवारी सहित सेवा सुविधाको व्यवस्था, राजनीतिक र प्रशासनिक कार्यको स्पष्ट विभाजन, कर्मचारीहरूको स्थायित्व र निरन्तरताको ग्यारेन्टी आदि हुनु अपरिहार्य देखिन्छ । उक्त सर्तहरू पुरा गर्न सकेको खण्डमा मात्र स्थानीय तह भित्र कार्य सम्पादन करार गरी यहाँ भित्रको सुशासनलाई प्रवर्द्धन गर्न सकिन्छ । अन्यथा कार्य सम्पादन करार मात्र हैन, प्रशासन सुधारको लागि प्रयोगमा आएका जुनसुकै औजारले पनि अपेक्षित लक्ष्य हासिल गर्न सक्ने अवस्था देखिँदैन ।

## नेपालमा प्याज खेती:

# समस्या र समाधान



मधुसुदन घिमिरे

केही वर्ष अगाडिसम्म कुनै खास जातिले खान नहुने भनेर वर्णन गरिएको प्याजको खपत पछिल्ला वर्षमा बढ्दै गएको पाइन्छ । आजकाल प्रायः प्याज र टमाटरविना भान्सा अपूरो हुने स्थिति आइसकेको छ ।

विश्वका विभिन्न ठाउँमा उपयोग हुने प्याजका विभिन्न प्रजातिमध्ये नेपाल लगायत दक्षिण एसियामा उपभोग हुने रातो पिरो खालको प्याज हो । यो प्रजातिको प्याज खानामा स्वाद बढाउने प्रयोजनका लागि प्रयोग गर्ने गरिएको छ । केही वर्ष अगाडि विशेष दिनमा मीठो–मसिनो बनाएर खाँदामात्रै प्रयोग हुने प्याज अचेल दैनिकी नै बनेको छ ।

नेपालमा प्याज खेतीको अवस्थाको विश्लेषण गर्दा विगत पाँच वर्षमा प्याजको उत्पादन वार्षिक २० देखि २१ हजार हेक्टर क्षेत्रफलमा करिब दुईलाख पचास हजारदेखि तीन लाख मेट्रिकटनको हाराहारीमा हुँदै आएको सरकारी तथ्यांकहरूमा पाइन्छ । यसरी उत्पादन भएको प्याजको औसत ४० रूपैयाँ प्रतिकेजीका दरले मूल्यमा हिसाब गर्ने हो भने करिब नौ अर्बको प्याज स्वदेशमै वार्षिक उत्पादन भएको देखिन्छ । नेपालका तराईका जिल्लाहरू विशेष गरी सर्लाही, बारा, पर्सा, सिराहा, सप्तरी, महोत्तरी, रौतहटलगायत जिल्लामा हिउँदे याममा प्याजको खेती गर्ने गरिएको छ । तर, यो उत्पादन नेपालमा प्याजको वार्षिक मागको करिब ३५ देखि ४० प्रतिशत मात्र हुन आउँछ । यसरी हेर्दा नेपालमा आवश्यकमध्ये ६० देखि ६५ प्रतिशत प्याज आयातमा निर्भर रहेको देखिन्छ ।



नेपालमा आयात हुने प्याजको ठूलो हिस्सा भारतबाट तथा केही चीनबाट हुने गरेको छ र थोरै परिमाणमा प्रशोधित प्याज अन्य देशहरूबाट समेत आयात हुन्छ । भारतमा उत्पादन हुने प्याज पिरो खालको हुने र नेपाली खानाको स्वादमा यस्तो प्याज रूचाइने हुनाले भारतीय प्याजले नेपालमा व्यापकता पाएको हुनसक्छ । अर्कोतर्फ भारत आफैंमा विश्वमा सबैभन्दा धेरै प्याज उत्पादन तथा निर्यात गर्ने देश पनि भएकाले यसको स्वतः प्रभाव नेपालमा परेको हो । तर, भारतले आफ्नो उत्पादन तथा बजारको अवस्था हेरेर विभिन्न समयमा प्याजको निर्यातमा आंशिक वा पूर्ण प्रतिबन्ध लगाउँदै आएको छ ।

छिमेकी मुलुक चीन पनि विश्वमै धेरै प्याज उत्पादन गर्नेमध्ये एक भएपनि चिनियाँ प्याज, गुलियो प्रकृतिको सलाद खाने खालको हुने हुनाले नेपालमा केही मात्रामा आयात र प्रयोग भए तापनि भारतीय प्याजजस्तो व्यापक उपभोग हुँदैन ।

> नेपालमा सरकारी स्तरमा प्याजको बिउलगायत तरकारी बिउ उत्पादन गर्न रूकुम पश्चिममा एकमात्र फार्म केन्द्र रहेको छ । तथापि सानो क्षेत्रफलका कारण त्यहाँ निकै कम परिमाणमा मात्र बिउ उत्पादन हुने गरेको छ ।

**प्याज उत्पादन वृद्धिका समस्याः**

गुणस्तरीय बिउ स नेपालमा वार्षिक करिब १५ मेट्रिकटन प्याजको बिउ उत्पादन हुने गरेको पाइन्छ तर नेपालको कुल प्याज खेती हुने क्षेत्रफलमा करिब दुईसय नौ मेट्रिकटन गुणस्तरीय प्याजको बिउ आवश्यक पर्छ र अझ प्याजको क्षेत्रफल विस्तार गर्ने हो भने सोही अनुपातमा अझै धेरै बिउ आवश्यक पर्छ । यो माग स्वदेशी उत्पादनले अहिलेको अवस्थामा धान्न मुस्किल छ ।

नेपालमा उत्पादन भएको बाहेक बाँकी आवश्यक प्याजको बिउ विदेशबाट आयात हुने गरेको छ तर भारतले भने प्याजको बिउ निर्यातमा विगत देखिने पूर्णरूपमा प्रतिबन्द लगाउँदै आएकाले भारतबाट औपचारिक आयात हुँदैन । तर खुल्ला सिमानाका कारण अनौपचारिक हिसाबले ठूलै परिमाणमा गुणस्तर नियमन नगरिएका बिउ नेपाल छिरेर अवैध ढंगले बिक्रीवितरण र सोबाट प्याज उत्पादनका लागि आवश्यक बिउको माग थेगिने गरेको छ ।

नेपालमा सरकारी स्तरमा प्याजको बिउलगायत तरकारी बिउ उत्पादन गर्न रूकुम पश्चिममा एकमात्र फार्म केन्द्र रहेको छ । तथापि सानो क्षेत्रफलका कारण त्यहाँ निकै कम परिमाणमा मात्र बिउ उत्पादन हुने गरेको छ ।

'सिड टु बल्ब' तथा 'बल्ब टु सिड' गरी दुई सिजन लगाई प्याजको बिउ उत्पादन गर्न दुई वर्ष लाग्ने र तथा अनौपचारिक हिसाबले बजार प्रवेश गर्ने न्यून गुणस्तरका बिउसँग मूल्यका हिसाबले प्रतिस्पर्धी नहुने भएकाले नेपालमा निजि स्तरमा किसान तथा उद्यमीहरू प्याजको बिउ उत्पादनमा आकर्षित हुन सकेका छैनन् ।

**क्षेत्रफल विस्तारको समस्याः** नेपालमा विशेष गरी तराईको सिँचित क्षेत्र नै प्याज उत्पादनका लागि क्षेत्र विस्तार गर्न सकिने सम्भाव्य ठाउँ हो । हाल नेपालको तराईमा ठूलो जमिनको हिस्सा वर्षामा धान रोपेर बाली भित्र्याएपछि सिँचाइको असुविधाका कारण खाली रहने गरेको छ । जुन ठाउँमा सिँचाइको प्रबन्धविना प्याज खेती विस्तार सम्भव छैन तथा सिँचित क्षेत्रमा समेत गहुँ र अन्य तरकारीतर्फ किसानको आकर्षण धेरै छ ।

सिँचित क्षेत्रमा किसानहरू प्याज खेतीमा आकर्षित नहुनुमा भारत सँगको खुल्ला बजारका कारण भारतमा प्याजको मूल्यमा आउने उतारचढावले नेपाली बजार प्रत्यक्ष प्रभावित हुनु रहेको छ । हिउँद याममा उपयुक्त मौसम भएको अवस्थामा भारतका महाराष्ट्रलगायत प्याज उत्पादन हुने मुख्य प्रदेशहरूमा प्याजको मूल्य ज्यादै न्यून हुन गई लगानीसमेत नउठेर किसानले आत्महत्यासमेत गरेका समाचार सुनिने गरेको छ ।

यसरी भारतीय बजारमा प्याजको मूल्यमा गिरावट आउँदा नेपालमा उत्पादित प्याजको मूल्यसमेत सोही हिसाबले प्रभावित हुन्छ र यसकारण हुने मूल्य अनिश्चितताले गर्दा किसानहरू तुलनात्मक रूपमा सुरक्षित बालीतर्फ आकर्षित हुनु स्वभाविक पनि छ ।

**प्रविधिः** भारतमा अहिले मुख्य सिजन– रवी र बेमौसमी– खरिफ गरी दुई सिजनमा प्याज उत्पादन गर्न सकिने प्रविधि विकास भइसकेको छ भने उत्पादकत्वसमेत नेपालको तुलनामा धेरै नै रहेको छ । तर, नेपालमा हिउँदमा एक सिजनमा मात्र व्यावसायिक प्याज खेती गर्न प्रविधि उपलब्ध छ र उपलब्ध प्याजका जातहरू समेत पुराना र अन्य देशका तुलनामा न्यून उत्पादन दिनेमात्र छन् ।

अझ प्याज र प्याज बिउ उत्पादन हुने क्षेत्रमा प्याजको ढुसीजन्य रोग, पर्पल ब्लचको प्रकोप र हेको छ जसले उत्पादन तथा उत्पादकत्वमा समस्या पर्ने गरेको छ । नेपालमा मुख्य सिजनमा उत्पादन हुने प्याज वैशाख–जेठमा खनिन्छ । तर, प्याजलाई भण्डारण गर्न २५–३० डिग्री सेन्टिग्रेड तापक्रम र ६५–७० प्रतिशत सापेक्षित आद्रतामा 'नेचुरल भेन्टिलेसन'मा भण्डारण गर्न सकिने भएपनि यो समयमा तराईमा यस्तो अवस्था उपलब्ध हुँदैन ।

कोल्डस्टोरमा प्याज भण्डारण गर्न विशिष्टिकृत संरचना आवश्यक हुने भएकाले सो संरचनाको निर्माण र संचालन व्यावसायिक नहुने अवस्थामा स्थानीय स्तरमा प्याज भण्डारण गर्ने प्रविधि नेपालमा उपलव्ध नभएकाले समेत किसानहरू प्याज खन्नेबित्तिकै जतिसुकै मूल्यमा भएपनि बेच्न बाध्य छन् ।

**अब के गर्ने त ?**

विगतमा प्याज खेती प्रवर्द्धन गर्न सञ्चालन भएका मिसन कार्यक्रमलगायत अन्य कार्यक्रमका कमजोरीहरूको विश्लेषण गरी प्याजको गुणस्तरीय बिउ उत्पादन गर्न प्रोत्साहन गर्ने, तराईका असिँचित क्षेत्रमा सिँचाइको प्रबन्धसहित प्याज खेती प्रोत्साहन गर्ने, प्याजको खेती प्रवर्द्धन गर्न आवश्यक प्रविधि विकास वा आयात गरेर प्रमाणीकरणपश्चात् किसानमाझ लैजाने तथा बजार व्यवस्थापन र मूल्यको सुनिश्चितता गर्ने किसिमका कार्यक्रममा तीनै तहका सरकार मिलेर काम गर्नु नै आजको आवश्यकता हो ।

*(घिमिरे "राष्ट्रिय आलु तरकारी तथा मसलावाली विकास केन्द्र कीर्तिपुरका बागवानी विकास अधिकृत हुन्)*

# अण्डा कति खाने? कसरी खाने?



अण्डा स्वास्थ्यका लागि फाइदाजनक मानिन्छ । तर एकदिनमा कति अण्डा खानुपर्छ र पकाउने सही तरिका के हो भन्नेबारेमा तपाईंलाई थाहा छ ? या धेरै अण्डाले हानी गर्न सक्छ ?

चिकित्सकहरू पोषक तत्वले भरपूर भएकाले खानामा अण्डा सामेल गर्न सल्लाह दिन्छन। यो भिटामिन ए, बी, डी र बी १२ का अलावा लुटीन र जीएजेन्थिनजस्ता पोषक तत्वले भरपूर हुन्छ। आँखाका लागि पनि अण्डा सेवन उपयोगी मानिन्छ। बेलायतका डाइटिसियन डा। फ्र्यांकी फिलिप्सका अनुसार एक दिनमा एक या दुइ अण्डामात्र खान सकिन्छ । उनी भन्छन्, 'धेरै अण्डा खाँदा डराउनुपर्दैन । तर के ध्यान दिनुस् भने कुनै पनि खानेकुरा बढी खानु भनेको अरू खानेकुराबाट प्राप्त हुने पोषकतत्वबाट वन्चित रहनु हो ।'

यही कारण डाइटिसियनहरू सन्तुलित भोजनमा ध्यान दिन्छन् । चिकित्सकका अनुसार दैनिक भोजनमा अन्य खालका प्रोटीन पनि हुन्छन। खानामा आवश्यकभन्दा दुई या तीन गुणा बढी प्रोटीनको उपभोगले मिर्गौलामा खराब असर गर्ने डर हुन्छ । अण्डामा कोलेस्टेरोल हुन्छ भन्ने प्रमाणित भएपछि ब्रिटिश हार्ट फाउण्डेसनले सन् २००७ मा हप्तामा तीनवटा अण्डामात्र खाने सल्लाह दिएको थियो । नेशनल हेल्थ सर्भिसका अनुसार अण्डामा केही कोलेस्टेरोल त हुन्छ तर हाम्रो रगतमा पाइने कोलेस्टेरोलभन्दा कम हुन्छ। अर्को हिसाबले भन्ने हो भने अण्डामा पाइने कोलेस्टेरोल ठूलो समस्या होइन। स्याचुरेटेड फ्याट बनेको कोलेस्टेरोलचाहिँ ठूलो समस्या हो।

मुटुसम्बन्धी बेलायती संस्थाका अनुसार एउटा अण्डामा ४।६ ग्राम अर्थात एक चम्चा बोसो हुन्छ। तर यसको एक चौथाई भागमात्र स्याचुरेटेड हुन्छ। यसको मतलब अण्डाकै कारण शरीरको कोलेस्टेरोलमा ठूलो असर पर्दैन भन्ने हो । तर अण्डासँग मख्खन या क्रिम खानाले अर्कै नतिजा निस्कन्छ ।

# चिकित्सक संघ मकवानपुरको अध्यक्षमा डाक्टर खड्का



◆ विकास संवाददाता

नेपाल चिकित्सक संघ मकवानपुर शाखाको १० असोजमा स्थापना भएको छ । मकवानपुरको सरकारी, निजि तथा प्रतिष्ठानमा कार्यरत चिकित्सकहरूको भेलाले बालरोग विशेषज्ञ डा हरि बहादुर खड्काको अध्यक्षतामा १३ सदस्यीय प्रस्तावित तदर्थ समिति गठन गरेको छ ।

भेलाले चिकित्सक संघ मकवानपुरको प्रथम उपाध्यक्षमा डा. रामचन्द्र सापकोटा, द्बितीय उपाध्यक्षमा डा प्रमोद चौरासिया, सचिव राजु सेढाई, सहसचिवमा डा आरिफ करिम, कोषाध्यक्ष डा सुजता पन्त, सह–कोषाध्यक्षमा डा सुवास कुमार वनैतालाई निर्विरोध चयन गरेको छ । यस्तै सदस्यहरूमा डा विकास थापा, डा दोजेन्द्र बस्नेत, डा प्रविण पाठक, डा नेहा गुप्ता, डा सुनिल शाह, डा नगेन्द्र श्रीस रेका छन् । यस्तै चिकित्सक संघको सल्लाहकारूमा प्रा डा विश्वराज जोशी, डा सतिषकुमार देव, डा प्रविण श्रेष्ठ, डा रामविया चौरासिया, डा विक्रम आदित्यकुमार शाह चयन भएका छन् ।

बागमती प्रदेशको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपति प्रा.डा. विश्वराज जोशीको प्रमुख आतिथ्यमा आज नेपाल चिकित्स संघ मकवानपुर शाखाको स्थापना भएको डा हरि खड्काले बताए । कार्यक्रममा प्रतिष्ठानका शिक्षध्याक्ष सतिश कुमार देव लागयत जिल्लाका ५० जना चिकित्सहरूको उपस्थिती रहेको थियो ।

नेपाल चिकित्सक संघको अहिलेको प्रस्तावित तदर्थ कमिटले अब अर्को चुनाब नभएसम्म कार्य गर्ने डा. खड्काले बताए । यसअघि मकवानपुर जिल्लामा चिकित्सक संघ नहुँदा चिकित्सहरू चितवन र काठमाडौं जानुपर्ने बाध्यता थियो ।

# बागमती प्रदेशले सहुलियतपुर्ण ३ अर्ब ऋण लगानी गर्ने

◆ विकास संवाददाता



बागमती प्रदेश सरकारले उत्पादन तथा रोजगारी सिर्जना गर्न सहुलियतपूर्ण ब्याजदरमा ऋण उपलब्ध गराउने भएको छ । बुधबार बसको मन्त्री परिषदको बैठकले कृषि, उद्योग, व्यापार व्यवसायसँग सम्बन्धित कार्यक्रमका लागि ऋण लगानी कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रूपमा सञ्चालन कार्यविधि समेत पास गरेको छ ।

कार्यविधी अनुसार स्थानीय तहले सिफारिस गरेका आर्थिक रूपमा विपन्न, सीमान्तकृत समुदाय तथा लक्षित वर्गका लागि सहुलियतपूर्ण ३ अर्ब ऋण लगानी गरीने आर्थिक मामिला तथा योजनामन्त्री कैलाश ढुगेलले जानकारी दिए । कृषि विकास बैक मार्फत हुने लगानीले देशमा रोजगार र ब्यबसाय बढ्ने सरकारले अपेक्षा गरेको छ ।


लगानी पश्चात सरकारले वेरोजगार युवा जनशक्तिहरूलाई रोजगारमा आवद्ध गर्ने, फोहरमैला व्यवस्थापन गर्ने, महिला तथा दलित समुदायको उद्यमशीलतालाई प्रवर्द्धन गर्ने, उत्पादनशील कार्यक्रमको लागि लगानी प्रवर्द्धन गर्ने, कोरोना भाइरसबाट प्रभावित कृषि, पर्यटन एवं रोजगारीमूलक घरेलु तथा लघु उद्योग व्यवसायीलाई पुनर्उत्थान गरीने मन्त्री ढुगेलले जानकारी दिए । सहुलियतपूर्ण व्याजदरमा ऋण लगानी कार्यक्रम कार्यान्वयनको नीतिगत विषयमा आवश्यक निर्देशनका लागी सम्बन्धीत मन्त्रालयका मन्त्री सयोजक हुनेगरी निर्देशक समिति रहने छ ।

यसैगरी ऋण लगानी प्रकृया सहजीकरण तथा समन्वय गर्नका लागि सम्बन्धित मन्त्रालयका सचिव सयोजक रहनेगरी समिति बनाइएको छ । प्रदेशले कृषि व्यवसाय सम्बन्धी उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरण सम्बन्धी, उद्योग व्यवसाय,पर्यटन प्रवर्द्धन, व्यापार व्यवसाय, वन तथा वातावरण जन्य उद्योग,महिला उद्यमशीलता,दलित समुदाय व्यवसाय विकास र फोहरमैला व्यवस्थापन तर्फ ऋण लगानी गर्ने भएको छ।

यसै गरी बैठकले नै प्रहरी इकाई भवन निर्माणार्थ बजेट निकासा गर्न स्वीकृत गर्ने, प्रदेश विश्वविद्यालयको भौतिक पुर्वाधार, बिधेयक, सङ्गठानात्मक संरचना, तथा पाठ्यक्रमको आधारभुत संरचना समेतका लागि सिफारिस गर्न कार्यदल गठन गरी काम कर्तव्य र अधिकार स्वीकृत गर्ने निर्णय समेत गरेको प्रवक्ता मन्त्री ढुङ्गेलले जानकारी दिए ।

## भीमफेदी–कुलेखानी सुरुङमार्ग निर्माण

# तत्काल अगाडि नबढाउन लेखाको निर्देशन



◆ विकास संवाददाता

बागमती प्रदेश सार्वजनिक लेखा समितिले पोष्टबहादुर बोगटी (भीमफेदी–कुलेखानी) सुरूङमार्गको काम तत्काल अगाडि नबढाउन निर्देशन दिएको छ । प्रदेश सरकारको गौरवको आयोजनाको रूपमा अगाडि बढाइएको सुरूङमार्ग संघीय सरकारको सहलगानीमा निर्माण हुने भएको थियो । तर, सुरूङमार्गको विधागत अध्ययनका लागि बागमती सरकारलाई साथ दिँदै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले कार्यदल गठन गरेको १९ दिनपछि लेखा समितिले काम अघि नबढाउन निर्देशन दिएको हो ।

प्रदेश सार्वजनिक लेखा समितिको २८ भदौमा बसेको भर्चुलल बैठकले विभिन्न कानुनी जटिलता, आर्थिक स्रोतको सुनिश्चितता र विविधि कारण देखाउँदै सुरूङमार्ग आयोजना अगाडि नबढाउन निर्देशन दिएको समिति सभापति न्हुच्छेनारायण श्रेष्ठले जानकारी दिएका छन् ।

९ भदौमा तत्कालीन अर्थमन्त्री युवराज खतिवडा, भौतिक पूर्वाधार तथा यातायात मन्त्री वसन्तकुमार नेम्वाङ र प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलबीचको छलफल तथा निर्णयबाट ६ सदस्यीय कार्यदल गठन गरेको थियो ।

कार्यदलले सुरूङमार्ग निर्माण र सञ्चालनका लागि प्राविधिक, आर्थिक र कानुनी पक्षमा तोकिएको कार्य क्षेत्रगत सर्तबमोजिम एक महिनाभित्र प्रतिवेदन पेस गर्नु पर्नेछ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले गठन गरेको कार्यदलबारे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रादेशिक समन्वय शाखाले ३० भदौमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बागमती प्रदेशलाई जानकारी दिइसकेको थियो ।

लेखा समितिको बैठकमा संघीय सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र नेपाल पूर्वाधार विकास कम्पनी काठमाडौंबीच काठमाडौं–कुलेखानी–भीमफेदी–हेटौंडा (सुरूङ मार्गसहित) सडक निर्माणको सम्झौता भइसकेका कारण उक्त विषयको बैधानिकता तत्काल प्रष्टपार्न जरूरी रहेको सांसद्हरूले औल्याएका थिए ।

पूर्वाधार कम्पनीसँगको भएको सम्झौताको समयसीमा समाप्त भइसकेको अवस्थामा पनि सम्झौता रद्द नभएको र विधिवत्रूपमा उक्त योजना प्रदेश सरकारलाई हस्तान्तरण नभएकाले भविष्यमा कानुनी जटिलता आउनसक्ने देखिएपछि योजना अगाडि नबढाउन निर्देशन दिइएको समिति सभापति श्रेष्ठले जानकारी दिएका छन् ।

वैशाखमा निर्माण टेण्डर आह्वान गर्ने दाबी गरेको बागमती सरकारले अझै प्रक्रिया अघि बढाउन सकेको छैन । भौतिक पूर्वाधार विकास मन्त्रालयका अनुसार अबको तीन महिनाभित्र टेण्डर आह्वान गर्ने तयारी भएको छ । मन्त्रालयले सुपरिवेक्षण परामर्शदाता छनोटका लागि केही समय अघिमात्र आशयपत्र जारी गरेको थियो ।

३ दशमलव ५ किलोमिटर लामो सुरूङमार्गका लागि प्रदेश सरकारले १३ अर्ब प्रारम्भिक लागत अनुमान गरेको छ । भीमफेदीदेखि कुलेखानीसम्म सुरूङमार्ग दुई लेनको हुनेछ । सुरूङमार्गभित्र एकातर्फ ग्यास र अर्कोतर्फबाट तेल लैजान पाइपलाइन राख्ने ठाउँसमेत छुट्टयाइने मन्त्रालयले जनाएको छ । सुरूङमार्ग निर्माण हुँदा हेटौंडा काठमाडौंको यात्र करिब २ घण्टामा गर्न सकिने छ ।

यसैबीच लेखा समितिको बैठकले कोरोना महामारीको रोकथाम, नियन्त्रण र उपचारका लागि प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय अन्तर्गतबाट भएको खर्चको विवरण सार्वजनिक गर्न र लेखा समितिलाई उपलब्ध गराउन माग गरेको छ ।


अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# पालुङ प्रहरीको आशलाग्दो सक्रियता हराएको मोटरसाइकल फेला पर्‍यो

◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर ६ बाट हराएको मोटरसाइकल फेला परेको छ । ५ असोज राती वडा नम्बर ६ को बज्रवाराहीबाट हराएको मोटरसाइकल फेला परेको हो ।

वडा नम्बर ६ को बज्रबाराही बजार का सरलाल गोपालीको प्रदेश नं। ३-०२-०१३ प ६८९९ नम्बरको एफजेडएस शुद्दचन बलामीको बा ९३ प ८०५४ नम्बरको पल्सर मोटरसाइकल फेला बलामीलाई ९ असोजमा हस्तान्तरण गरि एको हो। इलाका प्रहरी कार्यालय पालुङका मोटरसाइकल धनीद्वय बलामीलाई हस्तान्तरण गरिएको पालुङ प्रहरीले जानकारी दिएको छ ।

इलाका प्रहरी कार्यालय पालुङ मातहत ईलाका प्रहरी कार्यालय चित्लाङ साथै सवारी धनी समेतको सक्रियतामा खोज तलास गर्दै जाँदा उक्त मोटरसाईकलहरू ८ असोजमा धादिङको धुनिवेशी-७ स्थित सार्वजनिक ग्रामिण सडकमा वेवारिसे अवस्थामा फेला परेका थियो । भेटिएका मोटरसाइकलहरू अनुसन्धानको लागी इलाका प्रहरी कार्यालय पालुङमा ल्याईएको र आवश्यक अनुसन्धान पश्चात सम्बन्धित धनीहरूलाई बुझाईएको इलाका प्रहरी कार्यालय पालुङले जनाएको छ ।

हराएको मोटरसाइकल पाएपछि सरलाल गोपालीले इलाका प्रहरी कार्यालय पालुङलाई धन्यवाद दिएका छन् । उनले प्रहरीको सहयोगमा आफ्नो हराएको मोटर साइकल ४ दिनपछि पाउन सफल भएकोमा खुशी व्यक्त गरेका छन् ।



# प्रस्ताव आव्हान

◆ विकास संवाददाता

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, (तरकारी जोन) मकवानपुरले कृषकहरूका लागि प्रस्ताव आव्हान गरेको छ ।

चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अनुसार तरकारी क्षेत्र विस्तार कार्यक्रम र चक्लाबन्दीमा पकेट ब्लक जोन सञ्चालनका लागि ७ असोजमा प्रस्ताव आव्हान गरेको हो । तरकारी जोन पालुङले परियोजनामा सुचिकृत इच्छुक कृषि समुहरू सहकारी र संस्थारू समिति र कृषि फर्म तथा कम्पनीहरूले २०७७ कार्तिक ६ गतेभित्र प्रस्ताव पेश गर्नुपर्ने जनाइएको छ ।

# मिटर रिडिङ शुरु

◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर १० मा २ महिनामापछि शनिबारबाट खानेपानीको मिटर रिडिङ्ग सुरू भएको छ । २ महिनामा मिटर रिडिङ्ग भएको थाहा-१०मा रहेको बृहत (सितापाइला) खानेपानी तथा सरसफाइ उपोभोक्ता समितिले जनकारी दिएको छ ।

मिटर रिडिङ्ग शनिबारबाट सुरु भइ आगामी सोमबार भित्रमा सकिने मिटर रिडिर प्रल्हाद मगरले जानकारी दिए । यस अघि एक/एक महिनाको मिटर रिडिङ्ग गरिदै आएकोमा यो पटक भने २ महिनामा रिडिङ्ग गरिएको हो ।

# मन्दिर संरक्षणका लागि खोला व्यवस्थापन

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर १० मा रहेको चम्पाकेश्वर महादेव मन्दिर परिसरमा रहेको खोला व्यवस्थापन सम्बन्धी कार्य गरिएको छ ।

थाहा नगरपालिका वडा नम्बर १० का वडा सदस्य रामकृष्ण गमालको संयोजकत्वमा भएको उक्त कार्यक्रममा सथानीयहरूले सघाएका थिए । निरन्तर परेको वर्षाका कारण बढेको खोलाले मन्दिर क्षेत्रमा क्षति पुर्‍याउन थालेपछि खोला व्यवस्थापनको काम संचालन गरिएको संयोजक गमालले जानकारी दिए ।

यसैबीच मन्दिर संरक्षणका लागि तार जाली लगाउने कार्यका लागि आवश्यक पहल थालिएको गमालले बताए ।

# तरकारी जोनमा कृषि अधिकृत थपिए

◆ विकास संवाददाता

प्रधानमन्त्री कृषि आधुनकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई (तरकारी जोन) मा कृषि अधिकृत सरूवा भई आएका छन् । केरा जोन चितवनबाट कृषि अधिकृत अनिल तिवारी ९ असोजमा सरूवा भई तरकारी जोन पालुङमा आएका हुन् ।

सरूवा भई आएका अधिकृत तिवारीलाई तरकारी जोन प्रमुख महेश्वर लामिछानेले स्वागत गरेका थिए । कार्यालयमा एक कार्यक्रमकाबीच अधिकृत तिवारीलाई कार्यालयका कर्मचारीहरूले खादा ओडाएर स्वागत गरेका हन् ।

# उद्योग वाणिज्य संघका सदस्य खत्रीको निधन

◆ विकास संवाददाता

थाहानगर उद्योग वाणिज्य संघका सदस्य रामहरी खत्रीको निधन भएको छ ।

केही महिनादेखी अस्वस्थ रहेका सदस्य खत्रीको ६१ वर्षको उमेरमा ७ असोजमा निधन भएको पारिवारले जानकारी दिएका छन् । दिनेश गल्ला तथा किराना स्टोर्सका प्रोप्राइटर तथा तत्कालीन मकवानपुर उद्योग वाणिज्य संघ उत्तरी क्षेत्र समितिका कार्यसमितिका रहेका खत्रीको निधनप्रति थाहानगर उद्योग वाणिज्य संघले श्रद्धाञ्जली व्यक्त गरेको छ ।

संघका अध्यक्ष कविराज खत्री तथा महासचिव सुरेन्द्रमान प्रधानले खत्रीको असामयिक निधनको खबरले स्तब्ध बनाएको जनाएका छन् । संघले मृत आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारमा समवेदना प्रकट गरेको छ ।

# नर्सका लागि दरखास्त खुल्यो

◆ विकास संवाददाता

बाग्मती प्रदेश सामाजिक विकास मन्त्रालयले २३७ जना विद्यालय नर्स माग गरेको छ । मन्त्रालयले करारमा नियुक्ति गर्ने गरी दरखास्त आव्हान गरेको हो । योग्यता पुगेकाहरूलाई २१ दिन भित्र अनलाइनमार्फत आवेदन दिन सक्ने मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले प्रति स्थानीय तह २ जनाका दरले ११८ वटाको २३६ जना र गोसाईकुण्ड गाँउपालिकामा १ जना गरी २३७ जना विद्यालय नर्स नियुक्ति गर्न दरखास्त आव्हान गरेको हो ।

# थाहानगरका दुई विद्यालयमा 'एक विद्यालय, एक नर्स कार्यक्रम'



◆ विकास संवाददाता

बागमती प्रदेशले एक विद्यालय एक नसर्थ कार्यक्रम थप गर्ने विद्यालयहरू छनोट गरेको छ । बागमती प्रदेश सामाजिक विकास मन्त्रालयले ७ असोजमा सूचना जारी गरेर विद्यालय छनोट भएको जानकारी दिएको छ ।

मन्त्रालयको सूचना अनुसार थाहा नगरपालिकाका दुई विद्यालय छनोट भएका छन् । एक विद्यालय उक नर्स कार्यक्रमका लागि थाहा नगरपालिका वडा नम्बर ६ को बज्रवाराही उच्च मावि र थाहा-११ को वागेश्वरी मावि छनोट भएको मन्त्रालयकी सूचना अधिकारी संगिता खड्काले जानकारी दिइन् । ६ असोजमा भएको प्रदेश मन्त्रीस्तरीय बैठकबाट विद्यालयहरू छनोट भएको खड्काले जानकारी दिइन् ।

थाहानगरमा अघिल्लो आर्थिक वर्षबाट जनकल्याण मावि थाहा-३ मा एक विद्यालय एक नर्स कार्यक्रम शुभारम्भ भएको थियो ।

यसैबीच मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाको दुई माध्यमिक विद्यालयमा 'एक विद्यालय, एक नर्स' कार्यक्रम थप भएको छ । इन्द्रसरोवर गाउँपालिका वडा नम्बर ३ को वत्सलादेवी माध्यमिक विद्यालय र इन्द्रसरोवर-५ मा महाचुनी माविमा विद्यालय नर्स कार्यक्रम संचालन गर्ने जनाएको हो ।

अघिल्लो आर्थिक वर्षबाट इन्द्रसरोवर गाउँपालिका वडा नम्बर २ मा रहेको रहेको पञ्चकन्या माविमा विद्यालय नर्स कार्यक्रम संचालन भएको गाउँपालिका अध्यक्ष जीवन लामाले जानकारी दिए । बागमती प्रदेशको प्रत्येक स्थानीय तहमा दुई वटा थप विद्यालयमा विद्यालय नर्स राख्ने कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७७/०७८ बाट मकवानपुरमा २० विद्यालयमा कार्यक्रम थपिएको छ ।

# थाहानगरमा नेपाल जेसीजको क्षेत्र 'ख' सम्मेलन हुने

◆ विकास संवाददाता

नेपाल जेसीजको क्षेत्र 'ख' सम्मेलन सन् २०२१ मा पालुङ जेसीजको आतिथ्यमा थाहानगरमा हुने भएको छ ।




वालिङ जेसीजको आतिथ्यमा ३ असोज राती सम्पन्न भर्चुअल सम्मेलनमा बिडिङ गर्दा पालुङ जेसीजले अर्को वर्षको क्षेत्र 'ख' सम्मेलन गर्ने अवसर पाएको हो । सम्मेलनमा चारवटा जेसीजले बिडिङ गरेकोमा अन्त्यमा पालुङ जेसीज र चन्द्रनिगाहपुर सिटी जेसीजबीच निर्वाचन भएको थियो । निर्वाचनमा क्षेत्र ख अन्तर्गत ३० वटा शाखाहरूले मतदान गरेकोमा पालुङ जेसीजले १७ वटा शाखाको मत प्राप्त गरेको थियो ।

यसअघि पालुङ जेसीजले सन् २०१५ मा क्षेत्र 'ख' सम्मेलनको आतिथ्यमा गरेको थियो । सन् २०२१ मा थाहामा हुने सम्मेलनमा करिब ५ सय युवाहरू सहभागी हुनेछन् ।

यसैबीच पालुङ जेसीजका अनित बिष्ट नेपाल जेसीजको क्षेत्र ख मा उत्कृट वक्ता ठहरिएका छन् । क्षेत्र 'ख' सम्मेलनमा १३ जना प्रतिस्र्धीलाई पछिपार्दै अनित उत्कृष्ट भएका हुन् ।

फेमिली, फ्रेन्डस, फेमिली शीर्षकमा भएको प्रतियोगितामा नारायणगढ लेडी जेसीज र हेटौडा जेसिज क्रमशः द्वितीय र तृतीय भएका छन् ।

thahatimes.com

# इन्द्रसरोवरमा बल्छी खेल्न पाइने

◆ विकास संवाददाता

मकवानपुरको ईन्द्रसरोवर गाउँपालिका स्थित मानव निर्मित ईन्द्रसरोवर (कुलेखानी) जलाशयमा सःशुल्क बल्छी खेल्न पाईने भएको छ । आन्तरिक तथा बाह्य पर्यटन प्रवद्धन गर्ने उदेश्यले इन्द्रसरोवर मत्स्य व्यवसायी संघले जलाशयमा स्थान निर्धारण गरेर सःशुल्क बल्छी खेल्न दिने निर्णय गरेको हो ।

जलाशयको मार्खुमा कालिदेवीथान, गैरा, मार्खुचौर र चल्खुखोला क्षेत्र र कुलेखानीको लागि औलेटको क्षेत्रमा बल्छी खेल्न पाइने इन्द्रसरोवर मत्स्य व्यवसायी संघका अध्यक्ष गोपाल भ्लोनले बताए । अहिले संघका कर्मचारीहरूलाई टिकट बिक्रीका लागि खटाइएको छ । जलाशयमा बल्छी खेल्नका लागि स्थानीय व्यक्तिका लागि आधा दिनको ३ सय र पुरा दिनको ५ सय रुपैया शुल्क तोकिएको छ, भने बाह्य व्यक्तिको लागि आधा दिनको ५ सय र पुरा दिनको १ हजार रूपैँया निर्धारण गरिएको छ ।

जलाशयमा बिहान ७ बजेदेखि बेलुकी ५ बजे सम्म पुरा दिन र बिहान ७ बजेदेखि दिउँसो १ बजे सम्म आधा दिन निर्धारण गरिएको छ ।

हालको कोरोनाको महामारीको स्थितिमा भने सामाजिक दुरी, मास्क लगायतका स्वास्थ्यका मापदण्ड अपनाएर मात्र बल्छी खेल्न दिइने बताईएको छ । यसरी बल्छी खेल्न दिँदा इन्द्रसरोवर आउने पर्यटकले बल्छी खेलेर रमाउन पाउने र संघलाई समेत आयआर्जनमा टेवा पुग्ने उनले बताए ।



आन्तरिक तथा बाह्य पर्यटन प्रवद्धन गर्ने उदेश्यले इन्द्रसरोवर मत्स्य व्यवसायी संघले जलाशयमा स्थान निर्धारण गरेर सःशुल्क बल्छी खेल्न दिने निर्णय गरेको हो ।

# 'तत्काल विद्यालय नखोल्नुस्'

◆ विकास संवाददाता

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले कोभिड-१९ को जोखिम कायमै रहेकाले केही समय विद्यालय खोल्नभन्दा वैकल्पिक सिकाइ प्रणालीलाई प्राथमिकता दिन आग्रह गरेका छन् ।

शिक्षा पत्रकार समाजले आयोजना गरेको 'वैकल्पिक सिकाइको कार्यान्वयनमा सञ्चारमाध्यमको भूमिका' विषयक भर्चुअल छलफलमा मन्त्री पोखरेलले शिक्षालयमा संक्रमण देखिएमा त्यसलाई नियन्त्रण गर्न कठिन हुने भएकाले हाललाई सूचना, सञ्चार र प्रविधिको प्रयोगमा आधारित वैकल्पिक प्रणालीमा जोड दिन आग्रह गरे ।

मन्त्री पोखरेलले न्यूनतम सिकाइको सुनिश्चितताका लागि सरकारले आकस्मिक कार्ययोजना ल्याई यही असोजको पहिलो साताबाट कार्यान्वयन शुरु गरिसकेकाले सबै स्थानीय तहका सम्बन्धित विद्यालयमा शिक्षकहरूलाई अनिवार्य पुग्न निर्देशन गरिएको बताए । उनले शिक्षक, अभिभावक र विद्यार्थीको सम्पर्क स्थापितका लागि सामुदायिक विद्यालयमा निःशुल्क र निजी विद्यालयमा सहुलियत रूपमा क्लोज युनिट ग्रूप (सियुजी) मा आबद्ध गराई सञ्चार सहजता बढाइएको बताए । कतिपय जिल्लाका विद्यालयले अहिले सामाजिक दूरी कायम गरी प्रत्यक्ष सिकाइ पनि आरम्भ गरिसकेका छन् ।

सञ्चारविद् डा. निर्मलमणि अधिकारीले विपन्न र गरिब विद्यार्थीका लागि निःशुल्क रूपमा उच्चगतिका इन्टर नेट र डाटा उपलब्ध गराउन आग्रह गर्दै मिडिया साक्षरतालाई प्रभावकारी नबनाइए वैकल्पिक सिकाइ प्रणाली सफल नहुने बताए । उनले सूचना, सञ्चार तथा प्रविधि र आमसञ्चारको सदुपयोगका लागि रणनीति तर्जुमा गर्न सुझाव दिए ।

## सवारी चालक अनुमति पत्र हराएको सम्बन्धी सूचना !

मकवानपुर जिल्ला थाहा नगरपालिका बज्रबाराही निवासी विश्वास सदाशंकरको सवारी चालक अनुमतिपत्र थाहा नगरपालिकाको बज्रबाराहीबाट पालुङसम्म आउँदा मिति २०७७ साउन १८ गतेदेखि हराएकोमा हालसम्म पनि फेला नपरेकोले फेला पार्नुहुने महानुभावहरुले खबर गरी उपलब्ध गराईदिनुहुन वा नजिकको प्रहरी कार्यालयमा बुझाई सहयोग गरिदिनुहुन अनुरोध छ ।

नाम : विश्वास सदाशंकर
सवारी चालक अनुमतिपत्र नं. ०२०५००३७३४६३
सम्पर्क नं. : ९८२५२३०८२८

### थाहा नगरपालिका
### नगर कार्यपालिका कार्यालय
### इन्द्रायणी चौर, मकवानपुर

कृषि विकास शाखा

## कृषकहरुका लागि सूचना !

सूचना प्रकाशित मितिः २०७७/०५/२२

थाहा नगरपालिका कृषि विकास शाखा, इन्द्रायणी चौर, मकवानपुरको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ७५ प्रतिशत अनुदानमा बायोटिन कृषि चुन वितरण गर्नुपर्ने कार्यक्रम रहेकोले इच्छुक कृषक समूह, कृषि सहकारी र कृषि फर्मले तपशिलको कागजातहरु संलग्न राखी यस शाखामा सूचना प्रकाशित भएको ३० दिनभित्र निवेदन दिनका लागि अनुरोध गरिन्छ ।

**तपशिलः**

१. निवेदन
२. कृषक समूह, कृषि सहकारी, र कृषि फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी-१ प्रति
३. कृषक समूह, कृषि सहकारीको निर्णय प्रतिलिपी-१ प्रति
४. पान दर्ता प्रमाणपत्रको प्रतिलिपी-१ प्रति
५. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी-१ प्रति
६. समूह/सहकारीको प्रमाणपत्रको प्रतिलिपी-१ प्रति

अन्य थप जानकारीका लागि मोबाइल नम्बर ९८४५१०३३४१/९८४५०७२२०० मा सम्पर्क गर्नुहुन जानकारी अनुरोध छ ।

## सवारी चालक अनुमति पत्र हराएको सम्बन्धी सूचना !

मकवानपुर जिल्ला गोगने निवासी दशरथ थिङको सवारी चालक अनुमतिपत्र थाहा नगरपालिकाको डाँडाबासबाट बज्रबाराहीसम्म आउँदा मिति २०७७ भदौ ६ गतेदेखि हराएकोमा हालसम्म पनि फेला नपरेकोले फेला पार्नुहुने महानुभावहरुले खबर गरी उपलब्ध गराईदिनुहुन वा नजिकको प्रहरी कार्यालयमा बुझाई सहयोग गरिदिनुहुन अनुरोध छ ।

नाम : दशरथ थिङ
सवारी चालक अनुमतिपत्र नं. ०६५३६६९०
सम्पर्क नं. : ९८५५०७२६७६

नेपाल सरकार
### कृषि तथा पशुपक्षी विकास मन्त्रालय
### प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
परियोजना कार्यान्वयन इकाई, मकवानपुर

## प्रस्ताव अव्हान सम्बन्धी सूचना !

सूचना प्रकाशित मितिः २०७७/०६/०७

आर्थिक वर्ष २०७७/०७८ मा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, मकवानपुर अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले यस परियोजनामा सुचिकृत इच्छुक कृषि समूह/सहकारी संस्था/कृषि फर्म/कम्पनीहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र अर्थात मितिः २०७७/०७/०६ गते भित्र यस कार्यालयमा तोकिएको ढाँचा अनुसार आवेदन दर्ता गर्नहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै यस विषयमा थप जानकारीको लागि परियोजना कार्यान्वयन इकाई मकवानपुरमा सम्पर्क गर्न सकिनेछ।

**निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**

१) रु १० को टिकट सहित माग निवेदन।
२) सम्बन्धित निकायमा कृषि समूह/सहकारी संस्था/समिति/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी।
३) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा पाँच बर्षको र निर्माण पुर्वाधारका लागि १० बर्षको सम्झौतानामा।
४) कार्यसमितिको निर्णयको प्रतिलिपि।
५) स्थाई लेखा नम्वर(PAN) दर्ताको प्रतिलिपि।
६) परियोजना कार्यान्वयन इकाईबाट उपलब्ध गराईएको ढाँचामा लागत अनुमान सहितको कार्यक्रम प्रस्तावना।
७) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी।
८) अन्य निकायबाट सोहि प्रकृतिको कामबाट लाभाम्वित नभएको र दोहोरो नपर्ने प्रतिबद्धता ।

| क्र.स. | कार्यक्रमको नाम | परिमाण | स्वीकृत बजेट रु लाखमा | जम्मा अनुदान रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | तरकारी क्षेत्र विस्तार कार्यक्रम | १०० हे. | ३० | लागतको ५० प्रतिशत अधिकतम प्रति हेक्टर रु ३० हजार सम्म | यस आ.व.मा थप तरकारी खेती हुने क्षेत्रफल (तरकारी जोन क्षेत्रमा) |
| २ | चक्लाबन्दीमा पकेट ब्लक जोन सञ्चालनका लागी सहकारी निजी क्षेत्र बाट माग सकलन सम्भाब्यता अध्ययन र कार्यान्वयनमा सहयोग | ४ बटा | ४० | १० लाख प्रति चक्लाबन्दी | चक्लाबन्दी जिल्ला भरी सञ्चालन गर्न सकिने। |

**विस्तृत जानकारीको लागिः**
परियोजना कार्यान्वयन इकाई, मकवानपुर, पालुङ सम्पर्क नं. ९८५५०१५४१८ र ९८४५०८८२४० **Email:** pmamp.piu.makwanpur@gmail.com

### थाहा नगरपालिका
### नगर कार्यपालिका कार्यालय
### इन्द्रायणी चौर, मकवानपुर

कृषि विकास शाखा

## कृषकहरुका लागि सूचना !

सूचना प्रकाशित मितिः २०७७/०५/२२

थाहा नगरपालिका कृषि विकास शाखा, इन्द्रायणी चौर, मकवानपुरको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार नमुना टनेल (५०० वर्गमीटर टनेलको क्षेत्रफल मल्चिङ, थोपा सिंचाइसहित) को टनेलमा ५० प्रतिशत रकम अनुदान दिने कार्यक्रम रहेकोले इच्छुक कृषक समूह, कृषि सहकारी, र कृषि फर्मले तपशिलको कागजात संलग्न राखी यस शाखामा सूचना प्रकाशित भएको ३० दिनभित्र निवेदन दिनका लागि अनुरोध गरिन्छ ।

**तपशिलः**

१. निवेदन १ प्रति
२. कृषक समूह, कृषक सहकारी र कृषि फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी-१ प्रति
३. कृषक समूह, कृषि सहकारीको निर्णय प्रतिलिपी-१ प्रति १(निर्णयमा टनेल बनाउने व्यक्तिको नाम खुलाइएको हुनुपर्ने)
४. पान दर्ता प्रमाणपत्रको प्रतिलिपी-१ प्रति
५. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी १ प्रति
६. सम्बन्धीत वडा कार्यालयको सिफारिस-१ प्रति

thahatimes.com

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी